हुने

# संविधानसभा

## प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति

संविधानसभा नियमावलीको नियम १४९ अन्तर्गत रही समितिले नियम ७३ को उपनियम (१) खण्ड (क) अनुसार निर्माण गरिएको कार्यतालिका

(क) मिति २०६५।९।१५ देखि २०६५।११।१५ सम्ममा सम्पन्न गरीसक्नु पर्ने कार्यहरु *

| सि. नं. | समितिको कार्यक्षेत्रहरु | मुख्य गतिविधिहरु<br>प्रशिक्षित, परिचित, जानकारी लिन र छलफल गर्नुपर्ने विषयहरु | को बाट गर्ने | के गर्ने | अवधि (कार्यदिन) | समानान्तर गतिविधि |
|---|---|---|---|---|---|---|
| १. | समितिको कार्यक्षेत्र भित्रका विषयहरु सन्दर्भ सामाग्रीहरु संकलन गर्ने, समितिका सदस्यहरुलाई वितरण गर्ने। | | विषयसंग सम्वन्धित कुराहरु व्यवस्थापिका-संसद सचिवालयको पुस्तकालय, इन्टरनेट. विभिन्न संघ संस्थाको प्रकाशनसंग सम्पर्क कायम गरी सन्दर्भ सामाग्री संकलन गरी सचिवालयले समितिका मा.सदस्यहरुलाई वितरण गर्ने । | -सदस्यहरुले स्वयं सन्दर्भ सामाग्री अध्ययन गर्ने ।<br>-समितिको छलफलमा मा.सदस्यहरुले सक्रिय सहभागिता जनाउने । | लगातार भैरहने कार्य | पहिलो वैठक देखि क्रमश: उपलव्ध हुने सामाग्रीहरु वितरण गर्दै जाने । |
| २ | नयां संविधानको अवधारणाको सम्वन्धमा व्यापक छलफल, विचार विमर्श गर्ने, नागरिक समाज, विशेषज्ञ, आमनागरिकवाट राय सुझाव लिने । | | नेपालमा रहेका सरकारी एवं गैरसरकारी संघ संस्था कार्यालय निकायहरुको सहयोग लिई आम संचार माध्यमलाई उपयोग गरी संविधान निर्माण् प्रक्रियामा आम जनसहभागिता जुटाउन समितिले अगुवाईको भूमिका निर्वाह गर्ने । | -वेभसाइट खुलाउने र समितिको काम कार्यवाहीलाई अद्यावधिक गर्दै जाने ।<br>-राष्ट्रिय स्तरका दैनिक पत्रिकामा समितिको कार्यक्षेत्रका विषयहरुमा राय सुझाव माग्ने ।<br>-स्थानीय, क्षेत्रीय, केन्द्रिय स्तरमा विभिन्न संघ. संस्था पदाधिकारीसंग अन्तरक्रिया, गोष्ठी, सम्मेलन गर्ने ।<br>-जनताको प्रतिक्रिया पठाउनका लागि समितिको ठेगानामा पत्राचार गर्न सकिने व्यहोरा सूचना प्रकाशित गर्ने । | करीव ७ दिन | |



5

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | नागरिक शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रमको सुरुवात गर्ने । | | देशको विभिन्न भौगोलिक क्षेत्रमा रहेका सरकारी तथा स्थानीय निकायहरु, सरोकारवाला नागरिक समाज, संचार समूह आदिलाई संलग्न गराई संविधान निर्माण प्रक्रियाको बारेमा प्रशिक्षित गराउने । | | करीव ५ दिन | -सुझावका लागि व्यापक प्रचार प्रसार गर्ने<br>-जनमत संकलन गर्ने |
| ४ | प्राकृतिक श्रोत र आर्थिक अधिकार एवं राजश्व बाँडफाँड<br>• प्राकृतिक स्रोत<br>• आर्थिक अधिकार | प्राकृतिक श्रोत र साधनका आधारभूत मान्यताहरु सम्वन्धी विषय जस्तै: जलश्रोत, भूमि, खानी, पर्यटन, वन, निकुन्ज, आरक्ष र वातावरण आदि<br>• नीतिहरुको अध्ययन तथा विश्लेषण गर्ने<br>• राजश्वको बाँडफाँड सम्बन्धमा भएका अन्तर्राष्ट्रिय मान्यताको अध्ययन गर्ने विभिन्न मुलुकहरुको स्थलगत भ्रमण जस्तै: भारत, चीन, पूर्व सोभियतसंघ, इक्वेडर, स्वीटजरलैण्ड, अमेरिका, जर्मनी, क्यानडा,मेसेडोनिया, नाइजेरिया आदि<br>• नेपालको भू बनोटको आधारमा प्राप्त हुने लाभ समानुपातिक आधारमा वितरण तथा उपयोग सम्बन्धमा आवश्यक अध्ययन गर्ने | सम्बन्धित विषयका विज्ञहरु जस्तै - जलश्रोत, वन, वन्यजन्तु कानून, वातावरण, भूमि, पर्यटन, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना, अर्थ एवं राजश्व, खानी, कानून (तर्जुमा), भाषा, संविधान, स्वायत्तशासन विज्ञहरुबाट बाट<br>-वृद्धिजिविहरु/राजनैतिक दलका प्रतिनिधिहरु ( संविधानसभामा प्रतिनिधित्व गर्ने र संविधानसभा भन्दा वाहिरका राजनैतिक पार्टीका प्रतिनिधिहरु सम्मिलित) रहने गरी अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने । | - आवश्यकतानुसार अभिमुखिकरण कार्यक्रम संचालन गर्ने<br>-आवश्यकतानुसार कार्यशाला गोष्ठी गर्ने । | करीव १२ दिन | आवश्यकता अनुसार व्यवस्थापिका-संसद र संविधानसभाका विषयगत समितिसँग समन्वय र परामर्श गर्ने । |
| | • राजश्व बाँडफाँड | यस सम्बन्धमा<br>-अमेरिका, भारत, दक्षिण अफ्रिका, स्वीटजरल्याण्ड, चीन, पूर्व सोभियतसंघ, इक्वेडर, जर्मनी, क्यानडा, मेसेडोनिया, नाइजेरिया आदिमा राजश्वको वितरण गर्दा अपनाइएका सिद्धान्त र आधारहरु<br>-नेपालका सन्दर्भमा के कस्ता सिद्धान्त र आधारमा राजश्वको बाँडफाँड | -आवश्यकतानुसार क्षेत्रीय आधारमा भौगोलिक क्षेत्रहरुको अध्ययन अवलोकन भ्रमण गर्ने | -स्थानीय निकायका पदाधिकारी, सरकारी निकाय, सरोकारवाला र जनसाधारणसंग अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,<br>-कार्यशाला गोष्ठी गर्ने<br>-स्थलगत भ्रमण<br>-विशेषज्ञ र सल्लाहकारको सुझाव लिने । | करीव ७ दिन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निर्धारण गर्न उपयुक्त हुने | | | | |
| | विभिन्न तहका संघीय इकाइको सरकार वीच प्राकृतिक श्रोत र राजश्वको वाँडफाँड निर्धारण गर्ने | -केन्द्र, प्रान्त, स्थानीय सरकार वीच अन्तर सम्वन्ध<br>-प्रान्तीय सरकारका वीच प्राकृतिक श्रोतको वांडफांडको अवस्था र तिनीहरुको अन्तर सम्वन्ध । | -विभिन्न उपसमिति गठन गरी समितिका सदस्य र विज्ञ कर्मचारी समेतले प्राकृतिक श्रोत र साधन एवं राजश्वको वितरण सम्वन्धमा स्थलगत अध्ययन अवलोकन गर्ने । | -अभिमुखिकरण तालिम संचालन गरी प्रशिक्षित हुने ।<br>-स्थलगत अध्ययन भ्रमणको प्रतिवेदन छलफल गरिने । | करीव ७ दिन | |
| ६. | प्राकृतिक श्रोत र राजश्वको वितरणको अधिकारक्षेत्र सम्वन्धी साझा विषय सूचिको निर्धारण | -केन्द्रिय,-प्रान्तीय र स्थानीय सरकारको प्राकृतिक श्रोतको सूची<br>-केन्द्र र प्रान्तीय दुवैले उपयोग र वितरण गर्ने कार्यहरुको साझा सूची<br>-केन्द्रिय सरकारले मात्र उपयोग गर्न पाउने श्रोत र साधनको अधिकार, गर्नुपर्ने काम र जिम्मेवारी<br>-प्रान्तीय सरकारले मात्र उपयोग गर्न पाउने श्रोत र साधनको अधिकार, गर्नुपर्ने काम र जिम्मेवारी<br>-प्रान्तीय र स्थानीय सरकारले उपयोग गर्ने साझा कार्यसूची<br>-स्थानीय सरकारले मात्र उपयोग गर्न पाउने अधिकार र जिम्मेवारी | आवश्यकतानुसार संघीय राज्य पद्धति अपनाएका देशहरुको वैदेशिक अध्ययन अवलोकन गर्ने र जलश्रोत, वन, वन्यजन्तु कानून, वातावरण, भूमि, पर्यटन, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना, अर्थ एवं राजश्व, खानी, कानून, भाषा, संविधान, स्वायत्तशासन विज्ञहरुवाट | -समितिका सदस्य तथा सहयोगीहरुले वैदेशिक भ्रमण गरी तुलनात्मक अध्ययन विश्लेषण गर्ने<br>-स्थलगत अध्ययन भ्रमण अन्तरक्रिया | करीव ९ दिन | |
| ७. | संघीय इकाइ वीच प्राकृतिक श्रोत र राजश्वको व्यवस्थापकीय सम्वन्ध निर्धारण | -केन्द्र र प्रान्तले स्थानीय सरकारमा उपयोग र वाँडफाँड गर्न सक्ने कार्यसूचीहरु<br>-स्थानीय सरकारले मात्र प्राकृतिक श्रोत उपयोग र वाँडफाँड गर्न पाउने अधिकारको सूची<br>-केन्द्र, प्रादेशिक सरकारले कुन कुन विषय के कस्ता कानून वनाउने अधिकार, प्रशासनिक कार्य संचालन विधि | -विज्ञ र सल्लाहकारहरुवाट राय सुझावका लागि छलफल गरिने । | -सल्लाहकार र विज्ञको सुझावलाई अवधारणा पत्र तयार गर्दा ध्यान दिइने । | करीव ३ दिन | |
| ८. | प्राकृतिक श्रोत र लाभ वितरणको सम्वन्धमा संघीय इकाई वीच हुनसक्ने विवादको समाधान सम्वन्धी | - प्रान्तहरु वीच विवाद भएमा त्यसलाई समाधान गर्ने केन्द्रको अधिकार र संयन्त्र कस्तो रहने । | -नेपालका सन्दर्भमा केन्द्र र स्थानीय निकायको अधिकार क्षेत्रको वांडफांड, जिम्मेवारी र दायित्व कस्तो हुने । | -अभिमुखिकरण तालिम संचालन गरी प्रशिक्षित हुने ।<br>-यस सम्वन्धमा अन्तर्राष्ट्रिय मुलुकहरुको तुलनात्मक अध्ययन विश्लेषण गर्ने | करीव ५ दिन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संयन्त्र | | | | | |
| ९. | अवधारणा पत्रको प्रारम्भिक मस्यौदा तयार गर्ने | | समितिले छलफल गरी अवधारणापत्र तयार गर्न उपसमिति गठन गर्ने । | -जलश्रोत, वन, वन्यजन्तु कानून, वातावरण, भूमि, पर्यटन, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना, अर्थ एवं राजश्व, खानी, कानून ( तर्जुमा), भाषा, संविधान, स्वायत्तशासन विज्ञहरुको सहयोग | करीव ५ दिन | |
| (ख) २०६५।११।१६ देखि २०६६।१।१० सम्ममा सम्पन्न गरिसक्नु पर्ने कार्यहरु * | | | | | | |
| १. | मस्यौदा उपसमितिले अवधारणापत्रको मस्यौदा समितिमा पेश गर्ने | | -समितिले उपसमितिको मस्यौदा छलफल गरी विज्ञ र सल्लाहकारको सुझाव लिई अवधारणा पत्र तयार गर्ने । | समितिले छलफल एवं परिमार्जन गरी अन्तिम रुप दिने । | | |
| २. | अवधारणा पत्रको आधारमा समितिले आफ्नो विषय क्षेत्र भित्रको संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने । | | समितिले प्रारम्भिक मस्यौदा तयार गर्न उपसमिति गठन गर्ने | -सम्पादन गर्दा जालश्रोत, वन, वन कानून, वातावरण, भूमि, पर्यटन, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना, अर्थ एवं राजश्व, खानी, कानून (तर्जुमा), भाषा, संविधान, स्वायत्तशासन विज्ञहरु र सल्लाहकारको सुझावहरुलाई ध्यान दिई प्रारम्भिक मस्यौदा तयार गर्ने । | | |
| ३. | प्रारम्भिक मस्यौदामा छलफल गरी अन्तिम रुप दिने, संविधानसभामा पेश गर्ने | | -जलश्रोत, वन, वन्यजन्तु कानून, वातावरण, भूमि, पर्यटन, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना, अर्थ एवं राजश्व, खानी, कानून, भाषा, संविधान, स्वायत्तशासन विज्ञहरुको सहयोग लिने । | समितिमा व्यापक छलफल गरी परिमार्जन गरी अन्तिम रुप दिने । | | |

- उपर्युक्त समयतालीका मोटामोटी रुपमा तयार गरिएको हो र आवश्यकतानुसार समितिले हेरफेर गर्न सक्नेछ ।
- सि.नं. २ र ३ को कार्यक्रम संचालन गर्नु पूर्व अन्य विषयगत समितिहरुसँग समन्वय गर्न सकिनेछ ।